
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १२४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ ४ गते शुक्रबार ❑ 17 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## अग्रगामी र राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउनुपर्छ : अध्यक्ष ओली

**रासस**
काठमाडौं, २ जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले राष्ट्रिय हितको सम्वर्द्धन, सुशासन र तीव्र विकासलाई अगाडि बढाउन अग्रगामी र राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउनुपर्नेमा जोड दिनुभएको छ।

मदन-आश्रितका ३१औँ स्मृति दिवसमा सो पार्टीद्वारा बिहीबार मदननगर, बल्खुमा आयोजित कार्यक्रममा पूर्वप्रधानमन्त्री ओलीले सबै खालका आक्रमणलाई पराजित गर्दै एमाले अपराजेय शक्तिका रूपमा स्थापित हुँदै आएको बताउनुभयो । आफूहरूले अगाडि बढाएको आन्दोलनलाई जननेता मदन भण्डारीले प्रतिपादन गरेको जनताको बहुदलीय जनवाद (जबज)ले निर्देशित गरिरहेको र आन्दोलनले सफलता प्राप्त गरिरहेको बताउँदै अध्यक्ष ओलीले अब २०८४ मा हुने निर्वाचनबाट नेपालको राजनीतिले नयाँ मोड लिनुपर्ने विचार व्यक्त गर्नुभयो।

अध्यक्ष ओलीले भन्नुभयो, "त्यो मोड प्रतिगामी होइन, अग्रगामी र राष्ट्रिय शक्तिलाई निर्णायक तहमा पुऱ्याउने हुनुपर्छ, जसबाट राष्ट्रिय हित सम्बर्द्धन, सुशासन र तीव्र विकास अगाडि बढाउन सकियोस् । समाज कल्याण, मानवतावाद र लोककल्याणकारी राज्यको अवधारणा कार्यान्वयन गर्नाका साथै गरिबी अन्त्य गर्न सकियोस् ।'' सामाजिक न्याय र समानतासहितको मानव समृद्धिका लागि समाजवाद दिवङ्गत नेताहरूको गन्तव्य रहेको स्पष्ट गर्दै अध्यक्ष ओलीले आगामी २०८४ को निर्वाचनमा सफलता प्राप्त गरी त्यस दिशामा अगाडि बढ्न सकिए मदन-आश्रितका सपना थप पूरा हुने आशा व्यक्त गर्नुभयो।

आफूलाई कम्युनिष्ट नेता भन्नेहरू नै आन्दोलनलाई सिध्याउन लागि परेका र राष्ट्रिय शक्तिको सरकार ढालेर दक्षिणपन्थी सरकार बनाउन पछिलागेकाले विगत स्मरण गर्दै अध्यक्ष ओलीले उनीहरूको पत्याउनै नसकिने खालको गतिविधि गरेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "हाम्राविरुद्ध एकपछि अर्को पासो थापियो । ती सबै पराजित गरियो । अब दिगो र सुदृढ विजयको दिशामा अगाडि बढ्नुपरेको छ ।''देशमा प्रतिगमन हुँदा वा नाकाबन्दीको अप्ठ्यारो परिस्थितिमा पनि आफूहरुले घुँडा नटेकेको स्मरण गर्दै उहाँले आफू प्रधानमन्त्री रहेको समयमा भएको नाकाबन्दीविरुद्धको लडाईंमा जनताको साथ र सहयोग पाएको भन्दै सम्मान प्रकट गर्नुभयो ।

कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य र विष्णुप्रसाद पौडेल, महासचिव शङ्कर पोखरेललगायत नेताहरु र आश्रितकी धर्मपत्नी माया ज्ञवालीको उपस्थिति थियो ।

## संवादबाटै संसदको समस्या समाधान चाहन्छौँ : कांग्रेस महामन्त्री थापा

**रासस**
काठमाडौं, २ जेठ

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नेपाली कांग्रेसले संवादबाटै संसद्मा देखिएको समस्या समाधान गर्न चाहेको बताउनुभएको छ।

महामन्त्री थापाले आज सङ्घीय संसद् भवन ल्होत्से हलमा पत्रकार सम्मेलन गर्दै बैठक सञ्चालन गर्ने सम्बन्धमा छलफल र संवाद जारिरहेका अवस्थामा सत्तापक्षले मुठभेड निम्त्याउन खोजेको आरोप लगाउनुभयो । उहाँले भन्नुभयो, "हामीहरू संवादबाटै समाधान चाहन्छौँ तर आजको बैठकमा भएका घटना र दृश्य हेर्दा सत्तापक्षले मुठभेड निम्त्याउन चाहेको देखियो । यसको जिम्मेवारी सत्तापक्षले नै लिनुपर्छ ।" प्रतिनिधिसभाको आज बिहान ११ बजेका लागि निर्धारित बैठक सञ्चालन गर्ने सम्बन्धमा सत्तापक्ष र प्रतिपक्ष दलबीच दिनभर विभिन्न चरणमा छलफल र संवाद भए पनि सहमति हुन नसकेपछि बैठक साँझ पाँच बजेपछि बसेको थियो। बैठकमा कांग्रेस सांसदहरूले रोष्टम घेराउ र नाराबाजी गरिरहेका बेला सभामुखले नियमित कार्यसूचीमा प्रवेश गरी गृहमन्त्री लामिछानेलाई बोल्न समय दिनुभएपछि सत्तारुढ दल नेकपा (एमाले) र कांग्रेसका सांसदबीच केही समय धकेलाधकेल भएको थियो । त्यसपछि सभामुखले बैठक स्थगित गरी भोलि शुक्रबार बिहान ११ बजेका लागि बैठक घोषणा गर्नुभएको थियो।

"प्रमुख प्रतिपक्षी दललगायत सबै प्रतिपक्षी दलका सांसदले आसनबाट उभिई विरोध जनाइरहेका बेला सभामुखले जबरजस्ती नियमित कार्यसूचीमा प्रवेश गरी बैठकलाई अगाडि बढाउन खोज्नुभयो, यो सत्तारुढ दलको निर्देशनको पालना गरेको देखियो । संसद् बैठकमा सभामुखको भूमिका पनि राम्रो भएन भन्ने हाम्रो ठहर छ", महामन्त्री थापाले भन्नुभयो। यस सम्बन्धमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग जवाफ माग्ने महामन्त्री थापाको भनाइ थियो।

उहाँले सहकारी ठगीमा संलग्नलाई कारबाहीका लागि निष्पक्ष छानबिन गर्न संसदीय समिति नबनेसम्म आफ्नो पार्टीले संसद् बैठक अघि बढ्न नदिने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले सहकारीका बचतकर्ताको रकम फिर्ता दिलाउनुपर्ने र सहकारीको रकम अपचलनमा संलग्न जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्छ भन्ने माग गरेको स्पष्ट पार्न चाहन्छौँ ।" उहाँले भोलि बिहान ११ बजे बस्ने प्रतिनिधिसभा बैठक अघि सरकारले संसदीय समिति गठन गर्ने अपेक्षा गर्नुभयो । कांग्रेसले सहकारीको रकम अपचलनमा उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेको संलग्नता देखिएको आरोप लगाउँदै निष्पक्ष छानबिनका लागि संसदीय समिति गठनको माग गर्दै संसद् बैठक अवरुद्ध गर्दै आएको छ।

## लोकतन्त्रलाई सुदृढ र बलियो बनाउन प्रजातान्त्रिक विचार समाजको महत्वपूर्ण भूमिका रहन्छ : सभापति देउवा

**रासस**
काठमाडौं, ३ जेठ

नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले लोकतन्त्रलाई सुदृढ र बलियो बनाउन प्रजातान्त्रिक विचार समाजको महत्त्वपूर्ण भूमिका रहने बताउनुभएको छ। आज यहाँ आयोजित प्रजातान्त्रिक विचार समाजको २६औँ साधारणसभा तथा लोकतान्त्रिक योद्धा सम्मान कार्यक्रममा उहाँले लोकतन्त्रलाई बलियो बनाउँदै अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो।

सभापति देउवाले लोकतन्त्र र नेपाली कांग्रेसको सङ्गठनलाई बलियो बनाउन पूर्वमन्त्री योगप्रसाद उपाध्यायको महत्त्वपूर्ण योगदान रहेको बताउनुभयो। "योगप्रसादजी पुरानो मात्र होइन राजनीतिक आन्दोलनको ठूलो नेता हुनुहुन्छ, २०१७ सालको आन्दोलनमा प्रवासमा बसेर प्रजातन्त्रको लागि लड्ने व्यक्तिलाई सम्मान गर्न पाएकामा खुसी लागेको छ", उहाँले भन्नुभयो । सभापति देउवाले गिरीबन्धु टी स्टेटको निर्णय कांग्रेसको पालामा नभई एमालेको पालामा भएको बताउनुभयो । "कांग्रेसलाई दोष लगाउन मिल्दैन", उहाँले भन्नुभयो।

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले जनताले सडकमा उठाएको कुरालाई कांग्रेसले संसद्मा उठाएको बताउनुभयो। "राजाको धम्कीसँग नडराएको कांग्रेस कुनै राजनीतिक दलको धम्कीसँग डराउँदैन", उहाँले भन्नुभयो। उहाँले मुलुक पछिल्लो समय जटिल अवस्थामा रहेको उल्लेख गर्दै यसलाई अगाडि बढाउन कांग्रेस अग्रसर हुनुपर्ने बताउनुभयो । नेता डा कोइरालाले प्रहरी प्रशासनको समेत उच्च तहमा रहेका गृहमन्त्री रवि लामिछानेले आफूसमेत मुछिएको सहकारी ठगीको छानबिनमा सघाउनुपर्ने बताउनुभयो । उहाँले अहिलेको निर्वाचन प्रणालीले मुलुकमा अस्थिरता देखिएको बताउनुभयो । निर्वाचन प्रणाली परिवर्तन गर्दा कुनै दलको बहुमत आउनेगरी जानुपर्ने नेता कोइरालाको भनाइ थियो। कांग्रेस नेता अर्जुननरसिंह केसीले लाखौँ सहकारी पीडितको आवाजलाई सम्बोधन गर्न कांग्रेसले संसदीय समितिको माग गरेको बताउनुभयो। एमालेले सुन समिति बनाउन माग गर्दै २२ दिन संसद् अवरोध गरेको इतिहास रहेको उल्लेख गर्दै संसदीय समिति निर्माण नगरेसम्म संसद् चल्न नदिने उहाँले स्पष्ट पार्नुभयो । कांग्रेस नेता प्रदीप पौडेलले लोकतन्त्रलाई बलियो बनाउन प्रजातान्त्रिक विचार समाजको महत्त्वपूर्ण सुझाव पार्टीलाई आवश्यक रहेको उल्लेख गर्नुभयो । "संविधान निर्माण गर्दा हामीले नचाहेका कतिपय कुराहरु पनि राख्नुपरेको छ, अब यसलाई सच्याएर अगाडि बढ्नुपर्छ", उहाँले भन्नुभयो । सुशासन र भ्रष्टाचार अन्त्यको विषय कांग्रेसको प्राथमिकतामा पर्नुपर्ने नेता पौडेलको भनाइ थियो। "सरकारमा बस्नेले प्रश्न गर्ने होइन उत्तर दिने हो, अदालतले गरेको निर्णयमा समेत धम्की दिने काम सत्तापक्षबाट भएको छ, यसले लोकतन्त्रलाई कमजोर बनाउँछ", उहाँले भन्नुभयो।

संविधानविद् डा भीमार्जुन आचार्यले सन् २०२३ को तथ्याङ्कले संविधान कार्यान्वयनमा हेर्दा नेपाल विश्वको ७१औँ स्थानमा देखाएको बताउनुभयो । "संविधानलाई धेरै हेरफेर गऱ्यो भने त्यो मुलुकमा कहिल्यै स्थायित्व हुँदैन", उहाँले भन्नुभयो। संविधानविद् आचार्यले अदालतभित्र पार्टीबाट छानेर पठाएका व्यक्ति हुँदा लोकतन्त्र कमजोर हुँदै गएको बताउनुभयो।

पूर्वमन्त्री सुरेश मल्लले सङ्कटमा परिरहेको बेला लोकतन्त्रलाई बलियो बनाउन प्रजातान्त्रिक विचार समाज अगाडि बढ्नुपर्ने उल्लेख गर्नुभयो। प्रजातान्त्रिक विचार समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसीले प्रजातान्त्रिक विचार समाजलाई पार्टीको वैचारिक थलोका रुपमा अगाडि बढाउन आग्रह गर्नुभयो । कार्यक्रममा नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री योगप्रसाद उपाध्यायलाई लोकतान्त्रिक योद्धा सम्मानबाट सम्मान गरिएको थियो । उहाँलाई नगद रु २५ हजार र ताम्रपत्रद्वारा सम्मान गरिएको थियो। विसं २०५२ मा स्थापना भएको प्रजातान्त्रिक विचार समाजले लोकतान्त्रिक संस्कार र पद्धतिलाई बलियो बनाउँदै अगाडि बढिरहेको समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले जानकारी दिनुभयो।

## एमालेलाई एकल बहुमत सहितको राष्ट्रिय पार्टी बन्न कसैले रोक्न सक्दैन : अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ




नेकपा एमाले स्थायी कमिटी सदस्य तथा गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले २०८४ सालको निर्वाचनमा एमालेलाई एकल बहुमत सहितको राष्ट्रिय पार्टी बनाउने अभियानमा निरन्तर लाग्न कार्यकर्तालाई निर्देशन दिनुभएको छ । पार्टीमा संगठीत रहेका नेता तथा कार्यकर्ताले प्रभावकारी काम गर्न सकेको खण्डमा एमालेलाई एकल बहुमत सहितको राष्ट्रिय पार्टी बन्नबाट कसैले रोक्न नसक्ने उहाँको दावी छ।

'हरेक संगठनका मानिस लोकप्रिय हुनुपऱ्यो, जनताको सुख दुःखमा साथ दिने हुनुपऱ्यो, ठालु आडम्बरी हुनु भएन अनि बल्ल निर्णायक राष्ट्रिय शक्ति बन्छौ, टपर्टुयूयाँ तालले हुँदैन, काम चोर गरेर हुँदैन' उहाँले भन्नुभयो ।

नेकपा (एमाले) पर्वतको जिल्ला कमिटीको दोस्रो बैठकलाई बिहीबार कुस्मामा सम्बोधन गर्दै उहाँले पार्टी अध्यक्ष केपी ओलीकै निरन्तरको प्रयासका कारण अहिलेको समीकरण बनेको बताउनुभयो।

'केपी ओलीकै कारण अहिलेको समीकरण बनेको हो, पुरानो गठबन्धन तोड्नु ठुलो कुरा हो, यो टिक्छ टिक्दैनसँग त्यती सरोकार छैन, तर विश्वास छ यो समीकरण निरन्तर अगाडि बढ्छ'उहाँले भन्नुभयो । राष्ट्रिय स्वाधिनताको लडाई लड्नुपर्ने भएकोलेसत्ता समीकरण आगामी निर्वाचन पछाडिसम्म जाने उहाँले खुलाउनुभयो । एमालेको प्रतिष्पर्धा कांग्रेससँगनै रहेको दोहोऱ्याउदै एमालेको एक्लै बहुमत आउँदापनि राष्ट्रिय स्वाधीनताको लडाइ लड्नुपर्ने भएकोले मिलेर सरकार सञ्चालन गर्ने बताउनुभयो । 'हामीले एकल बहुमत ल्याएपनि हाम्रो मात्र सरकार बनाउँदैनौ, राष्ट्रिय स्वाधीनताको लडाइ लड्नु छ' उहाँले थप्नुभयो । समाजवादको आधार निर्माण गर्न राष्ट्रिय पुँजी आवश्यक पर्ने भएकोल पुँजी निर्माणमा ध्यान दिनुपर्ने उहाँले खुलाउनुभयो । त्यसको लागि औद्योगीकरण गर्दै रोजगारी सिर्जना गर्नुपर्नेमा उहाँको जोड थियो। पार्टीको केन्द्रीय निर्देशन र जिल्ला कमिटीले तयार पारेको योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न उहाँले आग्रह गर्नुभयो।

## चीनमा पर्यटन प्रवर्द्धन गर्दै नाट्टा गण्डकी

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स(नाट्टा) गण्डकी प्रदशेको आयोजनामा बिहीबारदेखि आगामी जेठको १० गतेसम्म चीनका विभिन्न सहरमा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम हुने भएको छ। कार्यक्रमबारे जानकारी दिन आज पोखरामा आयोजित पत्रकार सम्मेलनमा नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारीले .चीनमा ' पोखरा नेपाल टुरिज्जम प्रमोशन एण्ड सेल्स मिसन इन चाइना' कार्यक्रम गर्न लागिएको जानकारी दिनुभयो ।कार्यक्रम अर्न्तगत

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# क्लबस्तरीय भलिबलका लिग चरणको ७ खेल सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ



पोखरामा नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको आयोजनामा भइरहेको प्रथम क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको दोस्रो दिन लिगचरणको ७ खेल सम्पन्न भएको छ।

नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको स्थापना दिवसको अवसरमा आयोजित क्लबस्तरीय भलिबल प्रतियोगिता आयोजना गरिएको हो । पोखरा महानगरपालिका ३ स्थित नदीपुर स्थित नेपाल छन्त्याल समाजको भलिबल कोर्टमा भएको लिगचरणको खेलमा समूह 'ए'बाट जनकल्याण र समूह'बी'बाट जिभिपि युके लण्डनले लगातार दोस्रो जित दर्ता गरेका छन् । बिहीबार भएको समूह 'बी'तर्फको पहिलो खेलमा जिभिपि युके लण्डनले अन्नपूर्ण गाउँपालिका भलिबल संघलाई २-१ को सेटमा पराजित गऱ्यो । जिभिपि युकेले अन्नपूर्णलाई २५-२०, २३-२५ र २५-१८ ले पराजित गर्दै २ अङ्क जोड्दा पराजित भएको अन्नपूर्णले १ अङ्क जोड्यो । यस्तै दोस्रो खेलमा समुह 'ए'मा रहेको फ्रेन्डस् युथ क्लबले मादी-११ लाई २-१ को सेटमा पराजित गऱ्यो। फ्रेन्डसूले मादीलाई २३-२५, २५-१५ र २५-२२ ले पराजित गर्दै २ अङ्क जोड्दा पराजित भएको मादीले १ अङ्क जोड्न सफल भयो ।

तेस्रो खेलमा समूह 'बी'मा रहेको माछापुच्छ्रे गुराँशसे भुमि घाचोकले शान्तिदेवि युथ क्लब शिशाघाटलाई २-० को सेटमा पराजित गर्दै ३ अङ्क जोड्न सफल भयो । घाचोकले शिशाघाटलाई २५-२३ र २५-२१ ले पराजित गऱ्यो। चौथो खेलमा समुह 'बी'मा रहेको जिभिपि युके लण्डनले माछापुच्छ्रे गाउँपालिका-२ लाई २-० को सेटमा पराजित गर्दै ३ अङ्क जोड्यो। जिभिपिले माछापुच्छ्रे-२ लाई २५-१४ र २५-१९ ले पराजित गऱ्यो। लगातार २ खेल जितेको जिभिपि समूह'बी'को ५ अङ्कसहित शिर्ष स्थानमा रहेको छ । यस्तै पाँचौ खेलमा समूह 'ए'मा रहेको माछापुच्छ्रे गाउँपालिका भलिबल संघले मादी-११ लाई २-० को सेटमा पराजित गर्दै ३ अङ्क जोड्न सफल भयो। माछापुच्छ्रे गाउँपालिकाले मादीलाई २५-१८ र २५-२० ले पराजित गऱ्यो। पहिलो खेलमा १ अङ्क जोडेको माछापुच्छ्रेले दोस्रो खेलमा ३ जोड्न सफल भयो। माछापुच्छ्रे गाउँपालिका भलिबल संघ ४ अङ्कसहित समूह 'ए'को दोस्रो स्थानमा रहेको छ । यस्तै छैठौ खेलमा समूह 'ए' नै रहेको जनकल्याण पोखरा-११ ले मादी-११ लाई २-० को सेटमा पराजित गर्दै ३ अङ्क जोड्न सफल भएको छ। जनकल्याणले मादीलाई २५-१६ र २५-१५ ले पराजित गऱ्यो। समूह 'ए' मा रहेको जनकल्याण ५ अङ्कसहित शिर्षस्थानमा रहेको छ। यस्तै आज नै भएको सातौं खेलमा शान्तिदेवि युथ क्लब शिशाघाटले माछापुच्छ्रे गाउँपालिका-२ लाई २-१ को सेटमा पराजित गऱ्यो । शिशाघाटले माछापुच्छ्रे गाउँपालिका-२ लाई २०-२५, २५-२१ र २५-२१ ले पराजित गर्दै २ अङ्क जोड्दा पराजित भएको माछापुच्छ्रे गाउँपालिका-२ ले १ अङ्क जोड्यो। यस्तै आज नै भएको आठौं खेल अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रे गुराँशसे भुमि घाचोकबीचको खेल भने लाइट प्रोस्टेटको कारण स्थगित भएको छ ।९ टिमको सहभागिता रहेको क्लबस्तरीय भलिबल प्रतियोगिता लिगकप नकआउटको आधारमा सञ्चालन भइरहेको प्रतियोगिता संयोजक लामा अमृत गुरुङले बताए । उनका अनुसार ९ टिमलाई दुई समूहमा विभाजन गरिएको छ । दुई समूहबाट समूह विजेता र उपविजेता सेमिफाइनल प्रवेश गर्नेछन् । नेपाली कांग्रेसको भातृसंगठन नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको आयोजनामा भएको क्लबस्तरीय पुरुष भलिबलको प्रतियोगिताको विजेताले १ लाख २० हजार, उपविजेताले ८० हजार, तेस्रो हुने समूहले ४० हजार र सान्त्वना हुने समूहले २० हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष नविन पुनले बताए।

# बुद्ध जयन्तीको अवसरमा धार्मिक प्रवचन हुने

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ



२५६८ औं बुद्ध जयन्ती एवंम सागा दावा तिथिको अवसरमा धार्मिक प्रवचन कार्यक्रम हुने भएको छ।

बैदाम तामाङ सेवा समाजको आयोजनमा यहि जेठ ५ गते शनिबार धार्मिक प्रवचन कार्यक्रम हुन लागेको हो । पेमा धेछेनलिङ गुम्बा लेकसाइड खहरेमा हुने प्रवचनमा गुरुङ लामा सघं नेपालका अध्यक्ष धर्म गुरु खेन्पो शिर लामा र पञ्चासे बिहारको संस्थापक लामा मिन गुरुङबाट बुद्ध जीवनी र प्रज्ञा पारमिताको विषयमा धर्मदेशना प्रवचन हुने बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङले जानकारी दिनुभयो। पूजा कार्यक्रम तथा बत्ति बाल्ने बिहान ६ बजे बाटै हुनेछ।

कार्यक्रमको औपचारिक शुरुवात भने बिहान सवा ७ बजे हुने तामाङले जानकारी दिनुभएको छ। बुद्ध जयन्ती मूल समारोह समिति कास्कीको सप्ताहव्यापी कार्यक्रम अर्न्तगत बैदाम तामाङ सेवा समाजले धार्मिक प्रवचन कार्यक्रम आयोजना गर्न लागेको हो। शनिवार हुने पवित्र धार्मिक कार्यक्रममा विशेष गरी बुद्धको ज्ञान, प्रवचन, श्रवण गर्न र प्रसाद ग्रहण गरी धर्मको लाभ लिनका निमित्त सम्पुर्ण बुद्धधर्मवलम्बीहरुलाई उपस्थितिको आयोजकले आह्वान गरेको छ ।

# छोरेपाटन मावि भूपू विद्यार्थी मञ्चले सरसफाइ कार्यक्रम गर्ने

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ

पोखरा महानगरपालिका वडा नं. १७ मा रहेको छोरेपाटन माध्यमिक विद्यालयका पूर्व विद्यार्थीहरुले पुनः स्थापना गरेको भूपू विद्यार्थी मञ्च हाल निकै सक्रिय रुपमा अगाडि बढिरहेको छ।

मञ्च स्थापना देखि नै सरसफाई, विद्यालयमा अक्षयकोष स्थापना, रक्तदान कार्यक्रममा सहकार्य, नयाँ वर्षको भित्तेपात्रो प्रकाशन, रमाइलो वनभोज गर्दै आएको मञ्चले जेठ ५ गते वृहत सरसफाई कार्यक्रम गर्ने भएको हो।

मञ्चको बैठकले उपाध्यक्ष हिमलाल उपाध्यायको संयोजकत्वमा उपसमिति वनाएर अगाडि वढेको छ भने उक्त कार्यक्रमको लागि पोखरा महानगरपालिका कार्यलयबाट हौसला स्वरुप माक्स, ग्लोब्स तथा गार्बेज व्याग सहयोग प्रदान गरेको अध्यक्ष कृष्ण रानाभाटले वताए । पोखरा १७ को डेभिज फल देखि वरको चौतारी सम्म जनचेतना मूलक सन्देश सहित हुने उक्त सरसफाई कार्यक्रममा छोरेपाटन टोलसुधार समिति, डेभिज क्लब, आमा समुह तथा टोलविकास संस्थाहरुको पनि सहयोग रहने कार्यक्रम संयोजक हिमलाल उपाध्यायले वताए।

मञ्चको आगामि जेठ १८ गते शुक्रबार प्रथम साधारण सभा हुने भएकोले सदस्यता वितरण पनि भइ रहेको अवस्थामा धेरै भूपू विद्यार्थी छोरेपाटन क्षेत्रमा वसोवास गर्ने भएकाले घरदैलो गर्दै सरसफाई कार्यक्रमको योजना वनाएको सदस्य गणेश जिसीले वताए।

# पोखरा वडा नं. ७ पूर्णखोप सुनिश्चित घोषणा

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ



पोखरा महानगरपालिका वडा नं. ७ पूर्ण खोप सुनिश्चित वडा घोषणा गरिएको छ । मंगलबार प्रभातफेरी सहित पूर्ण खोप सुनिश्चितता वडा घोषणा गरिएको हो।

स्वास्थ्य महाशाखा प्रमुख हेमप्रसाद आचार्यले वडाबाट नै पूर्ण खोपको सुनिश्चितता र दिगोपनाको घोषणा हुनुले राज्यका सबै सम्बन्धित निकायहरुलाई झक्झकाउने वताउँदै अन्य वडाहरु र पुरै देशमा यो सन्देश पुग्ने विश्वास व्यक्त गरेका थिए। पोखरा ७ का वडा अध्यक्ष राममोहन आचार्यले चालु आव भित्रको १० महिनाको अवधिमा १६ देखि ५९ महिनाका सबै वालवालिकाहरुले १३ प्रकारका खोपका मात्रा पूर्ण रुपले लगाएको वताए । साथै उनले जनचेतना फैलियो भनेर पन्चे वाजा, भजन टोली सहितको प्रभातफेरीको कार्यक्रम पनि गरिएको वताए।

घोषणा कार्यक्रम अगाडि वडाको आयोजनामा महिला स्वास्थ्य स्वयम्सेवकीहरु, जनप्रतिनिधिहरु, आमा समुह, टोलविकास संस्था, युवा क्लब लगायतवडामासक्रियसंघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

# तेश्रो ब्रेकिङ बाउण्ड्रिज अन्तर मावि छात्र छात्रा टी-२० क्रिकेट शुरु

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ



पोखरा क्रिकेट एकेडेमीको आयोजनामा पोखरामा बिहीबारदेखि कास्की जिल्ला स्तरिय तेश्रो ब्रेकिङ बाउण्ड्रिज अन्तर मावि छात्र छात्रा टी-२० क्रिकेट प्रतियोगिता शुरु भएको छ।

प्रतियोगिताको छात्रतर्फ भएको उद्घाटन खेलमा बाराही माविले जनप्रिय माविलाई पराजित गरेको छ। किडासा फाउण्डेशनको सहयोगमा शुरु प्रतियोगिताको गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले अफिसियललाई खेल सामग्री हस्तान्तरण गर्दै उद्घाटन गरे । सो अवसरमा उनले किडासाले विद्यालय स्तरिय क्रिकेट आयोजना गरेर नवप्रतिभाशालि खेलाडी उत्पादनमा योगदान पुर्याएको बताए । किडासाका कार्यक्रम एनालिष्ट कृपासु निरौलाले विद्यार्थी भित्र भएको प्रतिभालाई प्रस्फुटन गर्दै उनीहरुभित्र उर्जा प्रदान गराउनका लागि किडासाले हरेक वर्ष यो कार्यक्रम आयोजना गर्दै आएको बताए। प्रतियोगितालाई निरन्तरता प्रदान गर्नका लागि जिल्ला तथा प्रदेश क्रिकेट संघ तथा सरोकारवालाले सहयोग गर्नुपर्ने औंल्याए। आयोजक समितिका अध्यक्ष बविन कुँवरको अध्यक्षतामा भएको उद्घाटन समारोहमा गण्डकी प्रदेश क्रिकेट संघका सदस्य देवेन्सन प्रजु, राखेप गण्डकीका सदस्य ऋषिराम गौतम किडासाका कार्यक्रम संयोजक सचिन शाक्य लगायतले प्रतियोगिता सफलताको शुभकामना व्यक्त गरेका थिए । आगामी १७ गते सम्म सञ्चालन हुने प्रतियोगिताका खेलहरु पोखराको मालेपाटन खेल मैदान , अम्मरसिंह खेल मैदान, लेखनाथ र पोखरा रंगशालामा सञ्चालन हुनेछन्। प्रतियोगितामा छात्र र छात्रा दुवैतर्फ १६/१६ विद्यालयको सहभागिता रहेको छ। सहभागि टिमलाई ४ समुहमा विभाजन गरि खेलाइएको छ।

# चीनमा ...

पोखराबाट आज निस्केको १६ सदस्यीय टोलीले चीनको ग्वान्तङ प्रान्तको ग्वाङझाउ सहरमा जेठको ३ गतेदेखि ५ गतेसम्म हुन गइरहेको ग्वाङझाउ इन्टरनेशनल ट्राभल फेयर २०२४ मा सहभागी बन्ने छ। त्यस्तै टोलीले चीनको राजधानी सहर बेइजिङमा नेपाल पर्यटन बोर्डको आयोजना र नेपाली राजदूतावासको समन्वयमा नेपाल सेल्स मिसन एण्ड विटुवी कार्यक्रम गरी पोखरा र नेपालको पर्यटनको गतिविधि समेटिएको वृत्तचित्र प्रस्तुत गर्नेछ । उक्त क्रममा नेपालको विभिन्न पर्यटन प्रवर्द्धनात्मक साम्रगी प्रदर्शन एवम् वितरण गरिने नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख नवीन पोखरेलले जानकारी दिनुभयो।

टोलीले चीन सरकारको ऋण सहयोगमा निर्मित पोखरा अन्तर ाष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्नका लागि व्यवसायी र सम्बन्धित निकायसँग छलफल गर्ने साथै चीनका मुख्य सहरको भ्रमण गरी त्यहाँको आर्थिक र पर्यटन विकासको अवलोकन गरिने पत्रकार सम्मेलनमा जानकारी गराइयो । चीन नेपालका लागि प्रमुख पर्यटन बजारका रुपमा रहेको छ।


अघिल्लो वर्ष सन् २०२३ को अप्रिलमा नेपाल भित्रने चिनियाँ पर्यटकको सङ्ख्या चार हजार सात सय ७० जना रहेकोमा यसवर्ष सोही अवधिमा नौ हजार सात सय ५० पर्यटन नेपाल भित्रिएका छन् । अघिल्लो वर्षसँग तुलना गर्ने हो भने यो सङ्ख्या गत वर्षको भन्दा १०४.४ प्रतिशत हो । पत्रकार सम्मेलनमा नाट्टा गण्डकी प्रदेशका महासचिव सङ्गीता पौडेल, पर्यटन विज्ञ वासु त्रिपाठी, पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, कार्यक्रम संयोजक खिमबहादुर नेपाली लगायतले प्रवर्द्धनात्मक कार्यक्रमले पोखरा र नेपालमा चीनबाट पर्यटकको आगमन बढ्नुका साथै पर्यटन व्यवसायीबीच पर्यटकीय साझेदारी बन्ने विश्वास व्यक्त गर्नुभयो।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ
डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ ५ गते शनिबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्धारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

**सम्पादकीय**

# संसदीय मर्यादा ननाघ

प्रतिनिधि सभा बैठकमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र सत्तारुढ नेकपा एमाले सांसदहरुबीच धकेलाधकेल भएको छ । बैठक शुरु हुनेबित्तिकै नारावाजी र वेल घेराउ गर्दै आएको कांग्रेसले गृहमन्त्री रबी लामिछानेलाई रोष्टममा जान नदिन सत्तापक्षको रो मा आएर रोकेपछि सत्तापक्ष र प्रतिपक्षबीचको दुरी बढाएको छ । लगातारको नारावाजी र वेल घेराउ गर्दै आएको कांग्रेसले सत्तापक्ष एमाले अध्यक्ष केपी शर्मा ओलीप्रति अमर्यादित व्यवहार गरेको छ ।' सभामुखले गृहमन्त्रीलाई बोल्न दिएपछि त उपसभामुख उठेर गृहमन्त्रीलाई बाटो छोडिदिईन । तर नाराबाजी गरिरहेका सांसद धनराज गुरूङ आएर बाटो छेक्न खोजे । त्यस क्रममा एमाले अध्यक्ष केपी ओलीले त्यहाँ तपाईं आउन मिल्दैन, उपसभामुखको आसनमा नउभिनूहोस्, आफ्नै 'रो' मा गएर नाराबाजी गर्नुहोस् भन्दा औंला ठड्याउँदै नारावाजी गरेका थिए ।

ओली र धनराज आमने सामने भएको बेलाकी साक्षी उपसभामुख इन्दिरा राना मगरले धनराज गुरूङ आफ्नो सिटमा आएपछि ओलीले आफ्नो सिटमा जानुस भनेको सुनाएकी छन । सभामुखले समय दिएपछि मैले गृहमन्त्रीलाई बाटो छाडिदिनुपर्‍यो । म सधैं उभिएर बाटो छाड्छु । मेरो सिटमा धनराज गुरूङ पस्नुभयो, 'केपी ओलीले उहाँहरूलाई आफ्नो रोमा जाऊ भन्नुभयो ।'

धनराज गुरूङ र ओलीबीच बहस चलेपछि एमाले सांसदहरू ओलीको अघि आइपुगे । सांसद ठाकुर गैरे र प्रमुख सचेतक महेश बर्तौला ओलीको अगाडि उभिए । त्यसबीच रोस्टममा रहेका कांग्रेस सांसदहरू पनि त्यहीं आइपुगे । दुवै पक्षबीच धकेलाधकेलको स्थिति बन्यो । त्यसपछि भने सभामुख घिमिरेले हतार हतार बैठक स्थगित गरे। तर अवस्था सामान्य हुन समय लाग्यो । बैठक सकिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' लाई मर्यादापालक र सांसदहरूले सुरक्षा घेरा बनाएर बाहिर निकाल । कांग्रेसको दादागिरी शैलीले गर्दा बन्न लागेको सहमति विग्रन पुगेको छ । सदनमा आफू बाहेक अरुलाई बोल्नै नदिने र सत्तारुढ दलहरुबीचमा फाटो ल्याएर सत्तामा जाने कांग्रेसको हुटहुटीले सदन बहस गर्ने, देशको बारेमा मन्थन गर्ने भन्दा कुण्ठा आक्रोश पोख्ने ठाउँ हुन पुगेको छ ।

राष्ट्रवादी र देशभक्तहरुलाई कमजोर बनाएर विदेशी दलालको हुँकार गर्ने थलोको रुपमा सदनलाई लान खोजिएको छ । नेपाली कांग्रेसको नेतृत्वमा देशभक्त र स्वाभिमानीहरु पाखा लाग्दै जाने र अरुको इशारामा चल्ने हावी हुँदा संसदीय मूल्य र मान्यता विपरितका गतिबिधि हावी भएका छन । सबै सिमा रेखा तोडेर समाजलाई नै अराजकतामा लाने काम बाहेक केही अहिलेको गतिबिधिले समाजलाई सही बाटोमा लानेछैन ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यासित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाव | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविस्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# जनजाति सङ्ग्रहालय अधुरै

पोखरापत्र संवाददाता
बागलुङ, ३ जेठ

बागलुङको काठेखोला गाउँपालिकाले गौरवको योजनाका रुपमा रहेको जनजाति सङ्ग्रहालय छ वर्षदेखि अधुरै रहेको छ । विसं २०७५ देखि सुरु गरिएको काठेखोला-४ तङ्ग्रामस्थित जनजाति सङ्ग्रहालय बजेट अभावमा अधुरै रहेको छ ।

तङ्ग्राममा रहेका जनजातिको पहिचान, भाषा, वेषभूषा र संस्कृतिलाई सङ्ग्रहित गर्ने उद्देश्यले जनजाति सङ्ग्रहालय निर्माणमा गाउँपालिकाले थालनी गरेको थियो । गाउँपालिकाबाट 'एक वडा एक गौरवको योजना'अन्तर्गत हालसम्म झन्डै रु ५८ लाख रकम खर्च भइसकेको छ । अहिले सङ्ग्रहालयको एकतला भवनमात्रै निर्माण भएको छ । उक्त एकतला भवनले अझै पूर्णता पाउन नसकेको हो । बजेट अभावमा भवनमा झ्याल तथा ढोकासमेत राख्न सकिएको छैन ।

सङ्ग्रहालय निर्माणसँगै आन्तरिक र बाह्य पर्यटक भित्र्याउने लक्ष्य राखिएको भए पनि गाउँपालिकाले बजेट अभावका कारण समयमै निर्माण गर्न नसकेको गाउँपालिकाका प्रवक्ता टीका सङ्गम विकले बताउनुभयो । गाउँपालिकाको एक वडा एक गौरवको योजनाअनुसार पर्यटन तथा जनजाति सङ्ग्रहालय निर्माण थाले पनि चालु आर्थिक वर्षमा गाउँपालिकाले बजेट विनियोजन गर्न सकेको छैन ।

"गौरवको योजनाका रुपमा गाउँपालिकाले लिएको जनजाति सङ्ग्रहालयमा पछिल्लो समय गाउँपालिकाले बजेट राख्न सकेको छैन, प्रदेश सरकारसँग समन्वय भइराखेको छ, आगामी आर्थिक वर्षमा सके प्रदेशबाट नसके गाउँपालिकाबाट थोरै रकम भए पनि विनियोजन गरेर एक तला भवनलाई पूर्णता दिने योजनामा गाउँपालिका छ", प्रवक्ता विकले भन्नुभयो, "गाउँपालिकाले नै रु ५८ लाख खर्चेको भवनलाई अलपत्र छाड्ने भन्ने हुँदैन तर बजेट अभावले ढिलाइ भएकै छ, आगामी वर्ष पूर्णता पाउँछ, त्यसपछि तला थप गर्ने अथवा सङ्ग्रहालय सञ्चालन गर्ने भन्ने विषयमा गाउँपालिकाले छलफल गर्छ ।" जनजाति सङ्ग्रहालयका लागि गाउँपालिकाले २०७५ सालमा रु पाँच लाख, २०७६ मा रु २० लाख, २०७७ मा रु १३ लाख, २०७८ मा रु १५ लाख र २०७९ मा रु पाँच लाख गरी रु ५८ लाख खर्च गरिसकेको छ । सङ्ग्रहालयमा गाउँपालिकाभित्र बसोबास गर्ने विभिन्न जाति-जनजातिको पहिचान झल्कने सामग्री राखिने भए पनि सङ्ग्रहालय निर्माणमा ढिलाइ भएको स्थानीय नरबहादुर विकले बताउनुभयो । उहाँले सङ्ग्रहालय बनेपछि गाउँमा पर्यटक आउने र आर्थिकरुपमा जीविकोपार्जनमा समेत टेवा पुग्ने भए पनि भवनको छ वर्षसम्म निर्माण नसकिएको हो । सङ्ग्रहालयमा गाउँपालिकाभित्र बसोबास गर्ने जातजातिको वेषभूषा, संस्कृति, रीतिरिवाज, परम्परा झल्किने वस्तु राखिने र गाउँपालिकाका जनजातिको लोपोन्मुख भाषा, संस्कृति तथा सामग्रीलाई झल्काउन मद्दत गर्नेगरी निर्माण थालिएको थियो ।

# म्याग्दीको दरबाङ सडक कालोपत्र गरियो

पोखरापत्र संवाददाता
म्याग्दी, ३ जेठ

पश्चिम म्याग्दीको प्रमुख व्यापारिक केन्द्र दरबाङको उपल्लो बजारमा ढल निकासको पक्की नालीसहित सडक कालोपत्र गरिएको छ ।

विसं २०६३ मा ट्र्याक खुलेको र बेनी-दरबाङ सडकसँग जोडिएको यो सडकले दिच्याम र उपल्लो दुखुलाई जोड्छ । मालिका गाउँपालिका-६ दरबाङको आवासीय क्षेत्रसमेत रहेको उपल्लो बजारको बाटो कालोपत्र भएपछि गाउँको सौन्दर्य बढेको छ । पूर्वाधार विकास कार्यालयले उपल्लो दरबाङको जनप्रिय माविको भवनदेखि बेनी-दरबाङ सडकमा जोडिने उपल्लो दरबाङ बजारको सडक कालोपत्र गरेको हो ।

गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थापन मन्त्रालयले चालु आर्थिक वर्ष २०८०/०८१ मा रु ६५ लाख बजेट विनियोजन गरेपछि सडक कालोपत्र गरिएको हो । दुई सय ५० मिटर प्रिमिक्स प्रविधिको कालोपत्र र एक सय ५० मिटरमा पक्की नाला निर्माण गरिएको पूर्वाधार विकास कार्यालयका सब इन्जिनियर रवीन चोखालले बताउनुभयो ।

यसअघि मालिका गाउँपालिकाले यस सडकका यसअघि नै करिब चार सय मिटर पक्की नाली निर्माण गरेर ढल व्यवस्थापन गरिसकेको छ । यसैगरी म्याग्दीमा चालु आवमा १६ किलोमिटर सडक कालोपत्र गर्ने को लागि तयारी भइरहेको छ । गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गतको पूर्वाधार विकास कार्यालयले सञ्चालन गरेका बहुवर्षीय र सालबसाली आयोजनामार्फत १६ दशमलव २ किलोमिटर सडक कालोपत्र र आरसिसी र पिसिसी ढलान गर्न लागेको हो ।

पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णुप्रसाद पौडेलका अनुसार छ किलोमिटर ग्राभेल, १० किलोमिटर नयाँ मार्ग खोल्ने, १५ किलोमिटर सडक विस्तार, चार किलोमिटर नाली निर्माण, १० हजार घनमिटर टेवा पर्खाल निर्माण गर्न आयोजना सञ्चालन भएको जानकारी दिनुभयो । उहाँका अनुसार सडक निर्माण, स्तरोन्नति, कालोपत्र, झोलुङ्गे र सडक पुलसम्बन्धी नयाँ ७० वटा योजना रहेकोमा ११ वटा आयोजना बहुवर्षीयका लागि स्रोत सुनिश्चितता गर्न सिफारिस भएकोमा चार वटा ठेक्काको मूल्याङ्कन चरणमा छन् ।

सालबसाली २३ वटा योजनाको ठेक्का र १३ वटा उपभोक्ता समितिमार्फत कार्यान्वयन भइसकेका छन् ।

सात वटा सालबसाली योजना सम्पन्न भइसकेका छन् भने चार वटा आयोजनाको ठेक्का सम्झौताको तयारी भएको छ । यसअघि ठेक्का सम्झौता भएका १३ वटा आयोजना चालु रहेका छन् । चालु आवमा कूल रु ७१ करोड ३७ लाख बजेट विनियोजन भएको कार्यालयले फागुन मसान्तसम्म रु आठ करोड ९३ लाख ४३ हजार बजेट खर्च गरेको छ ।

गत आवमा १३ दशमलव २८ किलोमिटर पक्की सडक, सात दशमलव दुई किलोमिटर ग्राभेल, २३ दशमलव दुई किलोमिटर कच्ची सडक निर्माण भएको थियो ।

# संगम सहकारीको स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, ३ जेठ



संगम बचत तथा ऋण सहकारी संस्थाले आफ्नो २१ औं स्थापना दिवसमा विभिन्न बिधामा उत्कृष्ट सदस्यहरुलाई सम्मान गर्दै बिस्तारित मञ्च र स्वास्थ्य सचेतनाको समेत कार्यक्रम जोडेर मनाएको छ ।

विभिन्न बिधाका उत्कृष्ट पाँच सदस्यलाई प्रशंसा पत्र र सर्वोत्कृष्ट हुने सदस्यलाई नगद सहित सम्मान पत्र प्रदान गरिएको थियो । यसरी सर्वोत्कृष्ट भइ सम्मानित हुनेहरु दीर्घकालीन बचतमा सम्झना पौडेल गौतम, जेष्ठ सदस्य बचतमा श्याम कुमार कुँवर, दैनिक बचतमा पदमराज लम्साल, बाल बचतमा जेशन बिश्वकर्मा, ऋण कारोबारीमा रुकमाया कुँवर र सुभावकर्तामा हरिहर पराजुली रहेका छन् । यसैगरी यस वर्षको उत्कृष्ट संचालक धनराज पुरी, उत्कृष्ट उपसमिति संयोजक/सदस्य तिलक थापा र उत्कृष्ट कर्मचारी धनमाया दुरा भए । कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका लेखा समिति सदस्य एवं १५ नम्बर वडा सदस्य बलराम पौडेलले सम्मानित सबैलाई बधाई दिँदै संगम सहकारी वडा नम्बर १५ कै गर्व गर्न लायक संस्था भएको बताए । यस सहकारीले गरेका विभिन्न सामाजिक उत्तरदायित्वका कामबारे आफू पनि जानकार रहेको बताउँदै निति बिधि र प्रविधिमा चलेको संस्था भएकोले विषम परिस्थितिमा पनि ढुक्कसँग अघि बढ्न सक्ने कुरामा आफू बिश्वस्त रहेको बताए । लेखा संयोजक भोविन्द्र गिरीले संस्थाको सबै कामहरु पारदर्शी भएकोमा खुसी व्यक्त गरे । पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठानका एसोसियट प्रोफेसर तथा दुखाइ रोग विशेषज्ञ डाक्टर हरि पौडेलले दुखाई रोग हो र यसको उपचार हुन्छ भन्ने सबैले बुझ्न जरुरी छ भन्दै समस्या भएकाहरुले बेलैमा चिकित्सकको परामर्श लिन अनुरोध गरे । नबराज तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा निरज थापा, बुद्धिमान थापा, धनराज पुरी, बृहस्पति अधिकारी, खडानन्द तिमिल्सिना, संगिता केसी र हरिहर पराजुलीले शुभकामना दिएका थिए ।

# बत्तीस वर्षदेखि डोकोमा तरकारी बेच्दै 'लक्ष्मी'

पोखरापत्र संवाददाता
वालिङ, ३ जेठ

स्याङ्जाको चापाकोट-९ सेराकी लक्ष्मी खनाल डोकोमा तरकारी बोकेर घरखर्च गर्न थालेको ३२ वर्ष पुग्यो । आफूले उत्पादन गरेका तरकारी गाउँ तथा बजारका घरघरमा पुऱ्याएर बिक्री गर्ने उहाँको दैनिकी निकै लामो छ ।

मौसम अनुसारका तरकारी उत्पादन गरी आफैँले डोकोमा बोकेर बजार जाने गरेकाले बिक्रीको समस्या नभएको उहाँले बताउनुभयो । "मौसम अनुसार उत्पादन हुने तरकारी दुई/चार किलोका दरले टिप्छु, सबै मिलाउँदा भारी पुग्छ", उहाँले भन्नुभयो, "ग्राहकले पनि आफूले चाहेको ताजा तरकारी घरदैलोमै पाउनुहुन्छ ।" आफूले उत्पादन गरेका तरकारी घरदैलोमै पुगेर बिक्री गर्ने गरे पनि होलसेलमा कसैलाई पनि नदिएको लक्ष्मीले दाबी गर्नुभयो । उमेरले पाँच दशक पुनुभएकी लक्ष्मीको परिवारको मुख्य आम्दानीको स्रोत नै तरकारी हो । "तरकारी भएका बेला बिहान ६ बजे बिक्रीका लागि निस्कन्छु", उहाँले भन्नुभयो, "दिउँसो १-२ बजेमात्रै तरकारी बिक्री गरेर घर आउँछु ।" तरकारी बिक्री गरेर घर फर्केपछि बारीमा तरकारी लगाउन व्यस्त हुने गरेको उहाँको भनाइ छ । सासुससुरा, बिरामी श्रीमान् र पाँच छोराछोरीको लालनपालन, पढाइ तथा घरखर्च लक्ष्मीले तरकारी बिक्रीबाट भएको आम्दानीले चलाउँदै आउनुभएको छ ।

छोरीहरुको उच्च शिक्षा, बिहेवारी र छोरालाई इन्जिनियर पढाउने आम्दानी पनि तरकारीखेतीबाटै भइरहेको लक्ष्मीले जानकारी दिनुभयो । "घरखर्च, छोराछोरीको बिहेवारी, पढाइ खर्च सबै यसैबाट चलाउँदै आएकी छु", उहाँले भन्नुभयो, "यसका अलावा बचत भएको रकमबाट साढे दुई तलाको घर, चापाकोटमै नौ रोपनी जग्गा र बुटवलमा नौ धुर जग्गा जोडेकी छु ।" छोरीहरूको बिहेवारी भइसकेको र छोरा पढ्नका लागि बाहिर भएकाले अहिले आफू एक्लै तरकारीखेती गर्दै आएको उहाँले अनुभव सुनाउनुभयो । परिश्रम गर्न सके आम्दानी गर्न सकिने प्रशस्त बाटा रहेका उहाँको बुझाइ छ । "उत्पादन भएका तरकारी आफैँ बिक्री गर्न हिँड्दा कतिले तल्लो छेउ पारेर पनि बोल्छन्", लक्ष्मीले भन्नुभयो, "आफ्नो काम गरेर खाँदा पनि त्यस्तो व्यवहार गर्छन्, श्रमको सम्मान नहुँदा दुःख लाग्छ तर, यही पेसाले यहाँसम्म ल्यायो, म खुसी छु ।" गत वर्षमात्रै उहाँले २५ मुरी गुन्द्रुक बिक्री गर्नुभएको थियो । गत वर्ष १० मुरी गुन्द्रुक काठमाडौँमा बिक्री गर्नुभएको थियो भने अरु स्थानीय चापाकोट बजारमै बिक्री गर्नुभएको थियो । लक्ष्मीको खेतबारीमा अहिले करेला, घिरम्ला, टमाटर, काउली बन्दा, सिमी, बोडा, काक्रा, भिण्डी, लौकालगायत तरकारी छन् ।

# बजारमा माग बढेपछि जुनेलो र फापरखेती गर्दैं किसान

पोखरापत्र संवाददाता
म्याग्दी, ३ जेठ

बजारमा माग बढेपछि पश्चिम म्याग्दीको ग्रामीण क्षेत्रका किसान जुनेलो र फापरको व्यावसायिक खेतीमा लागेका छन् ।

जिल्लाका मङ्गला, मालिका र धौलागिरि गाउँपालिकाका एक दर्जनभन्दा बढी पहाडी गाउँका किसान व्यावसायिक खेतीमा लागेका हुन् । पछिल्लो समय बजारमा जुनेलो र फापरको माग ह्वात्तै बढेको छ । विशेषगरी सहरिया उपभोक्ताको दैनिक उपभोग्य वस्तुका रुपमा जुनेलो र फापरको परिकार बन्ने गरेको छ । त्यसैले ग्रामीण क्षेत्रमा किसानले यी वस्तुको व्यावसायिक खेती सुरु गरेका छन् । दुई/चार वर्षअघिसम्म सहर बजारमा यी वस्तुलाई अखाद्य वस्तुका रूपमा हेरिन्थ्यो । त्यसले खेती पनि क्रमशः कम हुँदै गएको थियो । पछिल्लो समय माग बढ्दै गएपछि खेती बढाएको मालिका गाउँपालिका- २ का किसान टेकबहादुर विकले बताउनुभयो ।

पश्चिम म्याग्दीका प्रायःसबै गाउँमा जुनेलो र फापरखेती हुने भए पनि पछिल्लो समय किसानले खेती गर्न छाडेका थिए । विगत पाँच वर्षयता बजारमा जुनेलो, फापर, भाँगो र रातो सिमीको माग बढ्दै गएपछि किसानले अरु बाली छाडेर बजारमा बिक्री हुने र राम्रो मूल्य पाइने भाँगो, जुनेलो र फापरको खेती विस्तार गरेको विकले जानकारी दिनुभयो ।

"केही वर्षअघिसम्म जुनेलो खासै बिक्री हुँदैन थियो, त्यसैले खेती गर्न छाडेका थियौँ तर अहिले घरमै खरिद गर्ने व्यापारी आउने गरेका छन्", विकले भन्नुभयो । विकलगायत रुमका प्रायः सबैले भाँगो, जुनेलो र फापरखेती गरेका छन् । जुनेलो बजारमा प्रतिपाथी रु चार सयका दरले बिक्री हुने उहाँले बताउनुभयो । त्यसैगरी फापरको पनि बजारमा माग बढेको छ । विशेषगरी उपभोक्ताले तीते फापर खोज्ने भएकाले किसानले पनि तीते फापरकै खेती बढाएका छन् । पहिले पहिले गाउँघरमा सागका लागि तीते फापरखेती गर्ने गरेको किसान बताउँछन् । पछिल्लो समय बाली लिनकै लागि खेती सुरु गरिएको मङ्गला-५ की गोमा रोकाले बताउनुभयो । "हाम्रो बारीमा पहिले तीते फापर फल्दैन थियो", रोकाले भन्नुभयो, "आफैँले खाजामा रोटी खानका लागि मिठो फापर लगाइन्थ्यो ।"

दुई वर्षयता मिठेको साटो तीते फापरको खेती गर्न थालेको उहाँले बताउनुभयो । "घट्टमा मिलमा पिँधेको फापरको मिठोसँग चामल साटिन्छ", उहाँले भन्नुभयो, "बजारमा पनि फापरको उच्च माग रहेको छ ।" गाउँमा उत्पादन भएको फापर एक पाथीको रु दुई सयदेखि तीन सयसम्ममा बिक्री हुने गरेको उहाँले बताउनुभयो ।

# धानको लोपोन्मुख प्रजाति संरक्षण गरिँदै

**वासुदेव पौडेल**
गण्डकी, ३ जेठ/रासस

धानको लोपोन्मुख (रैथाने) प्रजाति हराउँदै गएका छन् । पोखराका विभिन्न तालका किनारा तथा फाँटमा फल्ने पोखरेली जेठोबुढो, पहेँले, झिनुवाजस्ता प्रजाति लोप हुँदै गएका छन् । औषधीय गुण भएका रैथाने प्रजातिका धान हराउँदै जाने र बढी उत्पादन हुने नाममा वर्णशङ्कर जातका धान रोप्नेक्रमसँगै नयाँपुस्ताका लागि रैथाने जात एकादेशको कथा जस्तै हुने चिन्ता छ ।

पोखरा र आसपासमा करिब तीन दशकयता रैथाने जात हराउँदै गइरहेको वास्तविकतामा पोखरा महानगरपालिकाले यिनको संरक्षणसँगै स्थानीयवासीमा पनि सचेतना बढाउने गरी तयारी थालेको पोखरा महानगरपालिका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो ।

महानगरपालिकाले स्थानीय जातको संरक्षण एवं प्रवर्द्धन गर्ने उद्देश्यका साथ यस वर्ष नौ हजार किलो पोखरोली जेठो बुढो, पहेँले, रामधान, खुमल १०, कालो झिनुवा, एक्ले, रातो अनदी, बयर्नी जातका धानको बीउ वितरण गरेको उहाँले बताउनुभयो।प्रमुखकडरियाकाअनुसार महानगरपालिकाले पोखरोली जेठो बुढोको बीउ आठ हजार किलोग्राम ५० प्रतिशत अनुदानमा वितरण गरेको छ भने अन्य रैथाने जातका धानको बीउ निःशुल्करुपमा वितरण गरेको हो । रैथाने जातको संरक्षणमा सचेतना जगाउने उद्देश्यका साथ ती धानको बीउ निःशुल्क वितरण गरिएको उहाँले बताउनुभयो ।

पछिल्ला वर्षमा पोखरेली जेठो बुढोको बीउको संरक्षणमा कृषकले पनि सक्रियता देखाउँदै आएका छन् । विसं २०६८ देखि लेखनाथ क्षेत्रमा पोखरोली जेठोबुढो धानको बीउ उत्पादन गर्दै आएको लक्ष्मी सिड सेन्टरले यस वर्ष १४ टन बीउ उत्पादन गरी वितरण गरिरहेको उक्त कम्पनीका सञ्चालक कृष्ण तिवारीले जानकारी दिनुभयो ।

कृषि ज्ञान केन्द्रबाट मूल बीउ ल्याएर उत्पादन गरी त्यसलाई उत्पादन गरी बीउबिजन प्रयोगशालाबाट अनुसन्धान प्रमाणित गरेर मात्रै त्यसलाई बजारमा पठाउने गरिएको उहाँले ताउनुभयो । सञ्चालक तिवारीका अनुसार लक्ष्मी सिड सेन्टरले २० टनभन्दा बढी आलुको बीउ पनि उत्पादन गरेको छ। यस वर्ष बोडीको बीउ उत्पादन गर्न लागिएको छ । स्थानीय जातको संरक्षणलाई लक्षित गरी पहेँले धानको बीउ पनि उत्पादन गर्ने गरी तयारी गरिएको उहाँले जानकारी दिनुभयो। पोखरामा धानलगायतका विभिन्न रैथाने प्रजातिको संरक्षणमा जैविक स्रोत संरक्षण अभियान संस्था निरन्तर लागिरेको छ ।

रैथाने जातका धान तथा बाली विस्तारै लोपोन्मुख बन्न थालेपछि यहाँको सुन्दरीडाँडामा जैविक विविधता कृषि सूचना केन्द्र स्थापना गरी त्यहाँबाट पनि संरक्षणको पहल भइरहेको संस्थाका सचिव पुष्प सुवेदीले जानकारी दिनुभयो । केन्द्रबाट धान बालीका साथै, कोदो, तरकारीलगायतका कृषिजन्य उत्पादनका परम्परागत प्रजातिको बीउ संरक्षण गर्ने गरेको उहाँले जानकारी दिनुभयो। "हामीले ५३ जातका धान, १६ जातका कोदो, नौ जातको पिँडालु, मास, भटमास आदिका बीउको संरक्षण गरिरहेका छौँ", सचिव सुवेदीले भन्नुभयो, "यसै संस्थाको प्रयासबाट रातो अनदी, पहेँले, एक्ले, बयर्नी र कालो झिनुवा जातका धानका बीउ नेपाल सरकारबाट सूचीकृत भइसकेका छन् ।" उपत्यका, तालतलैया र सिमसार क्षेत्रजस्ता विविधतायुक्त भूबनोट पाइने कास्कीमा ५० भन्दाबढी जातका स्थानीय धान लगाउने गरिए पनि विस्तारै पर्याप्त उत्पादनका लागि कृषक बर्णशङ्कर जातका धानतर्फ आकर्षित बन्दा रैथाने प्रजाति लोप भइरहेको स्थानीय बुढापाकाको भनाइ छ ।

पछिल्लो समयमा रासायनिक मलको बढ्दो प्रयोगसँगै रैथाने धानमा रहेका मौलिक गुण पनि हराउँदै गएको पटनेरीका कृषक विष्णुबहादुर नेपाली बताउनुहुन्छ । आजभन्दा १०/१५ वर्षअघिसम्म पटनेरी फाँटमा झुल्ने पहेँले धान खेतमा नै हरहर बास्ना आउने गरेको अनुभव सुनाउँदै उहाँले अहिले भान्छामा पनि बास्ना आउन छोडेको बताउनुभयो। पछिल्लो समयमा बढ्दो रासायनिक मलको प्रयोगका साथै उत्पादन बढाउने बर्णशङ्कर जातका धानको बीउ बढी प्रयोग हुन थालेको उहाँले बताउनुभयो । कास्कीका ताल तलैयाको छेउछेउमा विगतमा पाइने गरेका समुद्र फिङ्जा, नाभो, आँगा, बले, कृष्णभोग, जिरासरी, फल्याङकोटे धान लोप नै भइसकेका छन् । समुद्री सतहबाट करिब तीन सय मिटरदेखि ६ सय मिटरको उचाइमा फल्ने यी धान यहाँका प्राचीन रैथाने जात हुन् । पछिल्ला वर्षमा गौरिया, वीरम्फूल, आँगा, रमनी, रुदुवा मार्सीजस्ता धान देखिन छाडेको छ ।

नयाँ जातका धानको आगमनसँगै परम्परागतरुपमा रोपिने पोखरेली मसिनो (पहेँले), मनसरा, ठिमाहा, ताकमारे, खोलेमार्सी, आँपझुत्ते, झिनुवा, अनदी, गुर्दी, मानामुरी, कन्जीरा, मन्सुली, तौली, खाल्टेखोले, गोला, कोदे, गुडुरा, जर्नेली, गौरिया, बर्मेली, एक्लेजस्ता धान विस्थापित हुने अवस्थामा पुगेको कृषक बताउँछन् ।

कम उचाइमा हुने गरेका काठे गुर्दी, तौली, फालो, पहेंले, लहरे गुर्दी, घैया, कालो झिनुवा, माला, विमरफूल, भट्टे, अँधेरे, काँडे, कालो बयर्नी, कालो अनदीलगायतका धान पनि पछिल्लो समय विस्थापित भइसकेका छन् । पछिल्ला समयमा जिल्लामा सुधारिएको जेठोबूढो, खुमल, राधा सात, राधा नौ, सावित्री, मनसुली, पहेँलेजस्ता धान धेरैमात्रामा रोप्ने गरिएको छ । पर्याप्त धान उत्पादन हुने पोखराका बिरुवा फाँट, कुँडहर, लेखनाथको सिशुवा, पटनेरीलगायतका स्थानमा बढ्दो प्लटिङका कारण धानखेतीमा कमी आउन थालेको छ ।

# 'मनाङको विकासमा ठेकेदारको लापरवाही'

**रासस**
मनाङ, ३ जेठ

मनाङ नासों गाउँपालिका-५, ६ र ७ जोड्ने दूधखोलामाथि निर्माणाधीन पुल ठेकेदारको लापरवाहीका कारण अलपत्र बनेको छ । नौ वर्षदेखि निर्माण भइरहेको छ उक्त पूर्ण हुने सम्भावना न्यून छ ।

विकट क्षेत्रको विकास एक हुनै मुस्किल हुन्छ । यी क्षेत्रमा मौसमको पनि चुनौती पनि उस्तै रहन्छ । विकट जिल्ला मनाङको विकास अहिले यस्तै अवस्थामा छ । पटक-पटक म्याद थपिँदा पनि विकासले पूर्णता पाउन सकेको छैन ।

विसं २०७३ असारमा पुल निर्माण सम्पन्न गर्न तत्कालीन जिल्ला विकास समितिले निर्माण कम्पनीलाई ठेक्कामा दिएको थियो । विसं २०७४ मा सम्पन्न गर्नेगरी द क्याराभान कम्पनीलाई ठेक्का दिइएकामा नौ वर्ष हुनै लाग्दासमेत कामले गति लिन सकेको छैन । रु तीन करोड ५५ लाखको लागतमा निर्माण हुन लागेको दुधखोलामाथिको पुलको दुई किनारामा पिलर मात्र उठाएर ठेकेदार सम्पर्कविहीन भएको छ । ठेक्काको आधाभन्दा बढी रकम ठेकेदारलाई भुक्तान भइसकेको पूर्वाधार विकास कार्यालयले जनाएको छ । पुल धारापानीबाट तिल्चे हुँदै तिब्बत जोड्ने सडकमा पर्दछ । उक्त पुल नबन्दा मनास्लु पदमार्गमा आउने पर्यटकलाई हिँड्न समस्या भइरहेको छ । साथै स्थानीयले बिरामी पर्दासमेत समस्या भोग्नुपरेको बताउँछन् । स्थानीयले ढुवानी तिरेर सामग्री ओसारपोसार गर्न बाध्य छन् । ठेकेदार कम्पनीले ठेक्का मात्र ओगटेर काम नगरेपछि स्थानीय रुष्ट छन् । नासों गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले पटकपटक ठेकेदारसँग काम गर्ने सहमति गरे पनि कार्यान्वयन नभएको बताउनुभयो । "दैनिक रूपमा ठेकेदारलाई फोन गर्छु, फोन उठ्दैन, मन्त्रालय र सडक विभागमा पनि जानकारी गराएका छौँ", उहाँले भन्नुभयो, "कसैले वास्ता गरेनन् । दुःख भोगिरहेका छौँ।" अघिल्लो वर्ष अध्यक्ष गुरुङकै सक्रियतामा निर्माण कम्पनीका प्रमुख चन्द्र थकालीसँग मन्त्रालयका प्रतिनिधिसमेतको उपस्थितिमा काम गर्ने लिखित सहमति भएको थियो । "अघिल्लो असारसम्म काम गर्छु भनेर प्रतिबद्धता जनाएका थिए, सहमति गरेपछि ठेकेदार सम्पर्कविहीन छन्", उहाँले भन्नुभयो, "कि कामले तीव्रता पाउनुपर्‍यो कि त ठेक्का नै तोड्ने प्रक्रियामा अगाडि बढ्नुपर्‍यो ।" चालु आर्थिक वर्षभित्र काम नभए कानुनी प्रक्रियाबाट अघि बढ्ने अध्यक्ष गुरुङले बताउनुभयो । "कारबाही गर्नुपर्ने कम्पनीलाई पटक-पटक म्याद थप्दै नयाँ ठेक्का दिइएको छ। नदीमा पुल नबनेपछि स्थानीयले काठेपुल बनाएर मोटर वारपार र सामग्री ढुवानी गर्छन्", उहाँले भन्नुभयो। प्रमुख जिल्ला अधिकारी सुवासकुमार लामिछानेले काम पूरा गर्न पटक-पटक आग्रह गरिएको बताउनुभयो । उहाँले काम गर्छु भनेर नगरेपछि कारबाहीका लागि सम्बन्धित कार्यालयलाई पत्र पठाइसकेको जानकारी दिनुभयो। "पटक-पटक सम्पर्कपछि गरिएको प्रतिबद्धताअनुसार काम नगर्ने ठेकेदार कम्पनीलाई कारबाही प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायलाई पत्राचार गरिसकेका छौँ", प्रजिअ लामिछानेले भन्नुभयो, "कालोसूचीमा राखेर अर्को ठेक्का सम्झौताको प्रक्रियामा जान आग्रह गरिसकेका छौँ ।" पुल नबन्दा भएको सकस स्थानीयले भोग्न नपरोस् यहीअनुसार काम अगाडि बढ्नूपर्नेमा उहाँको जोड छ। सडक सञ्जाल ढिलो पुगेको मनाङका अधिकांश खोलामा अहिले पनि काठकै पुलमार्फत सवारीसाधान तथा आमनागरिक आउजाउ गर्छन् । एउटै पुल बनाउन बर्सेनि रु पाँच लाखभन्दा बढी खर्च हुन्छ । काठको पुलबाट यात्रा गर्दा जोखिम उस्तै हुने गरेको छ। वर्षा लागेपछि निकाल्ने र हिउँद लागेपछि राख्न बाध्य छन् स्थानीय । यसरी कति वर्षसम्म चल्न सक्ला ? डुम्रे-बेसीँसहर-चामे सडकखण्डमा २१ वटा पक्की पुल निर्माणका लागि प्रस्ताव गरिएको छ । केही खोलामा पुल निर्माणाधीन छन् भने केही काठकै भरमा छन् । पर्यटक तथा स्थानीय दुधखोला तरेर तिल्चे, गोवा, भीमथाङ हुँदै गोरखा र उत्तरी छिमेकी देश चीनसम्म यात्रा गर्छन् ।

वर्षा लागेपछि यस क्षेत्रमा आवतजावत नै ठप्प हुन्छ । सवार ।साधन आवतजावत नभए पनि आमनागरिक र पर्यटकलाई सहज भएका झोलुङ्गे पुल भत्किएका छन् । विसं २०७८ मा बाढीले ठाउँ-ठाउँमा बनेका झोलुङ्गे पुल बगाएपछि अझ यस नदी, खोलानालाबाट आवतजावतमा समस्या भएको छ। सदरमुकामसँगको सम्पर्कविच्छेदकै अवस्थामा रहन स्थानीय बाध्य छन् । गण्डकीको भौतिक पूर्वाधार विकास मन्त्रालयले पुल निर्माणका लागि ठेकेदारलाई ताकेता गरिरहेको जनाउँदै आए पनि कामले भने गति लिन सकेको छैन ।

# नेपालका तीन खेलाडीले एसियाली पारा तेक्वान्दोमा प्रतिस्पर्धा गर्ने

**रासस**
काठमाडौं, ३ जेठ

नवौँ एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप २०२४ मा नेपालबाट तीन खेलाडीले प्रतिस्पर्धा गर्ने भएका छन् ।

प्रतियोगितामा पलेशा गोवर्धनले महिला ५७, भरतसिंह महताले पुरुष ५८, र अमिर भ्लोनले पुरुष ६३ केजीमुनि तौलसमूहमा प्रतिस्पर्धा गर्नेछन् । उहाँहरूको प्रशिक्षकमा कविराज नेगी लामा रहनुभएको छ । उक्त प्रतियोगितामा विभिन्न ३१ राष्ट्रका खेलाडीले सहभागिता जनाउने बताइएको छ । पलेशाले छनोट चरण पार गरेर पेरिस पारालिम्पिकमा सहभागिता निश्चित गरिसकेकी छिन् । छनोटचरण पार गरेर पारालिम्पिकमा सहभागिता पक्का गर्ने पलेशा पहिलो र एकमात्र खेलाडी हुन् । पलेशा चीनको ताइयानमा गत चैत ४ गते भएको एसियाली छनोटमा स्वर्ण पदक जित्दै पेरिस पारालिम्पिकमा छनोट भएकी थिइन् । उनी चौथो एसियाली पारा खेलकुदको कांस्य पदक विजेता पनि हुन् । पारा एसियाली खेलकुदमा नेपालले सो पदकमात्र हासिल गरेको थियो । पलेशाले सन् २०२१ मा बहराईनमा भएको युथ एसियन गेम्समा स्वर्ण पदक र सन् २०१८ मा भियतनाममा भएको एसियन पारा तेक्वान्दो च्याम्पियनसिपमा कांस्य पदक जितेकी थिइन् । नेपाल तेक्वान्दो सङ्घले पेरिस पारालिम्पिकमा सहभागी गराउन अमिर र भरतको वाइल्ड कार्डका लागि आवेदन दिइसकेको प्रशिक्षक लामाले जानकारी दिनुभयो। एसियन च्याम्पिनसिपबाट र्‍याङकिङमा आउन र र्‍याङकिङमा सुधार गर्न मद्दत पुग्ने भएको हुँदा अमिर र भरतलाई सहभागी गराइएको हो ।

# पोखरा स्पोर्टस् अवार्डमा विदेशबाट सहयोग प्राप्त

**पोखरापत्र संवाददाता**
पोखरा, ३ जेठ

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले अन्तराष्ट्रिय क्षेत्रबाट आठौं पोखरा स्पोर्टस् अवार्ड-२०८० मा सहयोग गर्ने संघसंस्था तथा व्यक्तिहरुलाई धन्यवाद सहित आभार व्यक्त गरेको छ ।

मञ्चले सहारा क्लवका मानार्थ सदस्यद्वय महेश गुरुङ र लोकबहादुर गुरुङ कर्मथलो यू.के. प्रस्थान गर्न लागेको अवसर पारेर बिहीबार आयोजित कार्यक्रमा धन्यवादसहित आभार व्यक्त गरेको हो ।

यही वैशाख २८ गते पोखरामा सम्पन्न आठौं पोखरा स्पोर्टस् अवार्ड-२०८० मा विदेशस्थित विभिन्न संघसंस्था तथा व्यक्तिहरुबाट महत्वपूर्ण सहयोग प्राप्त भएको थियो । कार्यक्रममा बोल्दै सहारा क्लव पोखराका मानार्थ सदस्य महेश गुरुङले मञ्चले खेलकुदको क्षेत्रमा खेलेको महत्वपूर्ण योगदान रहेको बताए । उनले मञ्चसंगको सहकार्यमा आदानप्रदान भइरहेको भन्दै यसलाई निरन्तरता दिने



प्रतिवद्धता व्यक्त गरे । उनले पोखरामा एउटा ब्राण्डको रुपमा स्थापित भइसकेको अवार्डलाई आगामी दिनमा सबैको अपनत्व हुने गरि सञ्चालन गर्न सुझाव दिए । सहारा क्लव पोखराका मानार्थ सदस्य लोकबहादुर गुरुङले अवार्ड एउटा स्तरिय बन्न सकेको भन्दै यसलाई निरन्तर सञ्चालन हुनेगरि स्रोत सुनिश्चित हुने किसिमले अगाडी बढ्न आग्रह गरे । सहारा क्लव यू.के.का सल्लाहकार भोजबहादुर गुरुङले मञ्चले छोटो समयको तयारीका विचमा स्तरीय कार्यक्रम सञ्चालन गर्न सफल भएको बताए । उनले आगामी दिनमा सहयोग निरन्तर रहने प्रतिवद्धता व्यक्त गरे ।

अन्तराष्ट्रिय समन्वय उपसमिति संयोजक केशव पाठक र सुर्दशन रञ्जितको सहजीकरण र यू.के.सहित हङकङ, अमेरिका लगायत विभिन्न संघसंस्था तथा व्यक्तिहरुको सहयोगप्रति मञ्चका अध्यक्ष दीननाथ बरालले आभार व्यक्त गरे । कार्यक्रममा सहयोगीहरुलाई प्रशंसा पत्र मञ्चका अध्यक्ष दीननाथ बराल, उपाध्यक्ष सुरज श्रेष्ठ, महासचिव राजाराम पौडेल, उपसमिति सह-संयोजक सुर्दशन श्रेष्ठ लगायतले हस्तान्त्रण गरेका थिए।

# घरबासको अनुभव साट्न भुजुङका स्थानीय तनहुँमा

**पोखरापत्र संवाददाता**
दमौली, ३ जेठ

लमजुङको क्व्होलासोथार गाउँपालिका-४ भुजुङका घरबास सञ्चालक पर्यटन प्रवर्द्धन र घरबासको अनुभव साटासाटका लागि तनहुँ आएका छन् ।

तनहुँको बन्दीपुर र भानु नगरपालिकामा सञ्चालित घरबाससँग अनुभव साटासाट र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित भुजुङका पर्यटन व्यवसायी यहाँ आएका हुन् । लमजुङको सबैभन्दा ठूलो गुरुङ गाउँ, मौलिक कला र संस्कृतिले भरिएको भुजुङ गाउँ र तनहुँको संस्कृति, रीतिरिवाज र यहाँ सञ्चालित घरबासको अनुभव साटासाटका आएको समूहले पर्यटकीय नगरी बन्दीपुरको भ्रमण गरेको छ । कार्यक्रमको सहजीकरण गर्नुभएका पर्यटनविज्ञ एवम् सम्पदा नेपालका अध्यक्ष हरिसिंह गुरुङका अनुसार भुजुङबाट आएको टोलीलाई बन्दीपुरका पर्यटकीयस्थलको भ्रमण गराइएको छ । उहाँले भन्नुभयो, "यसले तनहुँको पर्यटन प्रवर्द्धनका लागि सहयोग पुग्नेछ । साथै भुजुङको पर्यटन विकासका लागि पनि यो भ्रमण कोसेढुङ्गा हुने विश्वास गरिएको छ ।" भुजुङको कलासंस्कृति र वातावरणमैत्री विकास गतिविधि एवम् प्रक्रिया र ग्रामीण पर्यटन विकासका चुनौती, बन्दीपुर र टुटेपानीमा विकसित सकारात्मक पर्यटकीय गतिविधि एकआपसका लागि राम्रा सिकाइ हुने उहाँको भनाइ छ । यसैबीच भुजुङ सामुदायिक होमस्टे पर्यटन समितिको आयोजनामा आज बन्दीपुरमा होमस्टे व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । पर्यटन व्यवस्थापन उपसमिति भुजुङका अध्यक्ष तुलबहादुर गुरुङले भुजुङका घरबास सञ्चालकलाई पर्यटकीयस्थलको भ्रमण गराउँदै घरबासको अनुभव साटासाट गर्न र थप व्यवस्थापकीय सुधारबारे जानकारी दिन तालिम आयोजना गरिएको जानकारी दिनुभयो। गुरुङबाहुल्य भुजुङ लमजुङ सदरमुकाम बैंसीशहरदेखि ३२ किलोमिटर दूरीमा अवस्थित छ ।

# एक्लेडाँडालाई पर्यटकीयस्थल बनाउन पहल

**पोखरापत्र संवाददाता**
दमौली, ३ जेठ

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ स्थित एक्लेडाँडालाई पर्यटकीयस्थल बनाउन प्रयास थालिएको छ । वडाकै पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास हुन थालेको यस ठाउँलाई धार्मिक पर्यटकीयस्थलका रूपमा प्रवर्‌द्धन गर्ने प्रयास थालिएको हो ।

वडा कार्यालय र गुरुङ मगर सांस्कृतिक एकता समाजले यहाँ २९ फिट अग्लो बुद्धको मूर्ति निर्माणका लागि सम्झौता गरेका छन् । वडाध्यक्ष नारायणसिंह थापा र समाजका अध्यक्ष मनराज गुरुङबीच वडाले एकता समाजलाई बुद्ध मूर्ति निर्माणमा सहयोग गर्ने र समाजले मूर्तिसहितको संरक्षणको सम्पूर्ण स्वामित्व लिने विषयमा सम्झौता भएको हो । यस ठाउँलाई पर्यटकीयस्थलका रूपमा विकास गर्दै पर्यटन प्रवर्‌द्धन गर्ने लक्ष्य राखिएको वडाध्यक्ष थापाको भनाइ छ । वडा कार्यालयले एक्लैले ठूला योजना निर्माण गर्न नसक्ने भएकाले नगरपालिका, प्रदेश सरकार र सङ्घीय सरकारसँग सहकार्य गर्नुपर्ने उहाँले बताउनुभयो। गुरुङ मगर सांस्कृतिक एकता समाजका अध्यक्ष गुरुङले गौतम बुद्ध सबैको साझा व्यक्ति भएकाले बुद्धको मूर्ति निर्माणपछि समग्र नगरको प्रचारमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । बुद्ध मूर्ति निर्माणका लागि रु एक करोड बजेट लाग्नेछ । समाजले चन्दा सङ्कलन गरी रकम सङ्कलन गर्नेछ । उहाँले भन्नुभयो, "समाजसँग आवद्ध देश तथा विदेशमा रहनेहरूसँग चन्दा सङ्कलन गरिनेछ।" एक्ले सामुदायिक वनभित्र रहेको यस ठाउँमा पूर्वाधार निर्माणका लागि विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ।

यस ठाउँलाई उजागर र प्रचारप्रसार गरी पर्यटकीय गन्तव्य बनाउन एक्लेडाँडा पर्यटन प्रवर्‌द्धन समिति गठन गरिएको छ । समितिका अध्यक्ष विपेन्द्रसेन ठकुरीले बुद्धको प्रतिमा निर्माणपछि यसको थप प्रवर्‌द्धन हुने उल्लेख गर्नुभयो। प्रतिवेदनअनुसार पूर्वाधार निर्माणका लागि रु १२ करोड ५३ लाख ३४ हजार चार सय एक बजेट आवश्यक पर्ने देखिएको छ। प्रतिवेदनअनुसार दुई किलोमिटरको पदमार्ग र एक्लेडाँडोमा शान्तिका प्रतिक गौतम बुद्धको मूर्ति निर्माण गरिनेछ । पृथ्वीराजमार्गमा लेखनाथबाट म्याग्दे देखिने गरेर आमाको प्रतीकका रुपमा स्तनपान गराइरहेकी महिलाको विशाल मूर्तिसमेत निर्माण गरिनेछ । एक्लेडाँडाबाट शुक्लागण्डकी नगरपालिका-२ गाछेपानीमा रहेको मुक्तिनाथ शुक्लागण्डकी च्यवनधामसम्म जिपलाइन निर्माण गर्ने योजनासमेत समेटिएको छ। जिपलाइन साहसिक पर्यटकका लागि उत्कृष्ट गन्तव्य बन्न सक्नेछ । बुद्धजयन्तीका दिनमात्रै भरिभराउ हुने एक्लेडाँडा हिजोआज आन्तरिक पर्यटकले भरिभराउ हुन थालिसकेको छ । सधैँ दुलेगौँडा सहरको व्यस्ततालाई नियाल्दै बस्ने एक्लेडाँडामा त्यही सहरका व्यस्त मानिस साँझ-बिहान टहलिन पुग्छन् । स्वस्थ बन्न पैदलयात्रा गरेर उकालो चढ्छन् । स्थानीयवासीका अनुसार शनिबार र चाडपर्वमा दैनिक दुई-तीन सयसम्म आन्तरिक पर्यटक एक्लेडाँडामा उक्लन्छन् । केही वर्ष पहिला यहाँ घाँस दाउरा गर्न बाहेक स्थानीय जादैनथे ।

पुल्चोकमा रहेका तिब्बतीयन शरणार्थीले हरेका वर्ष बुद्ध जयन्तीको दिनमा डाँडामा उक्लिएर धुपबत्ती बाल्ने गर्दछन् । तिब्बतीयन शरणार्थीले पवित्र थलो मानेर पूजा गर्ने शान्त डाँडैभरि झिलीमिली ध्वजापताका टाँसिएको छ । पर्यटकको चहलपहल बढ्न थालेपछि तीन वर्ष पहिला वडा कार्यालयले रु १० लाख बजेटमा दुई सय मिटर रेलिङसहितको पदमार्ग निर्माण गरेको थियो । त्यस्तै प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु पाँच लाखको लागतमा ढुङ्गाको छपनी बिछ्याएर साढे दुई सय मिटर पदमार्ग बनाइएको छ ।